# राष्ट्रिय आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१

**<u>प्रस्तावनाः</u>** आयोजनाको पहिचान, वर्गीकरण, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरणलाई प्रभावकारी, लागतप्रभावी, तथ्यपरक र वस्तुपरक बनाई स्रोत र साधनको कुशल विनियोजन गर्न, आयोजनामा सुशासनको प्रत्याभूती गर्न एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको आयोजना बैङ्क सम्बन्धी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न वान्छनीय भएकोले,

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी आयोगले यो मापदण्ड बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "राष्ट्रिय आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोगलाई सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निश्चित उद्देश्य लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समय सीमा र बजेट लागत खुलाइएको, पूर्व तयारी सम्पन्न भएका, कार्य सम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रुपान्तरण हुने पुर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय वा अन्य विकाससँग सम्बन्धित कार्य वा क्रियाकलापको समुहलाई सम्झनु पर्छ।

(ग) "आयोजना बैङ्क" भन्नाले आयोजनाको पहिचान, वर्गीकरण, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरणको लागि प्रविष्टि गर्न आयोगमा स्थापना गरिएको राष्ट्रिय आयोजना बैङ्कसँग सम्वन्धित विद्युतीय प्रणाली (अनलाइन सिस्टम) र सो प्रणालीमा कार्यान्वयन गर्न योग्य सूचीकृत आयोजनाहरुको विवरण संग्रहलाई जनाउँछ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले प्रदेशका आर्थिक मामिला हेर्ने मन्त्रालय समेतलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय वा केन्द्रीय निकाय" भन्नाले नेपाल सरकारका मन्त्रालय, सचिवालय, संवैधानिक निकाय वा आयोगलाई सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

(छ) "सचिवालय" भन्नाले दफा ५ बमोजिमको आयोगमा रहने राष्ट्रिय आयोजना बैङ्कको सञ्चालन र व्यवस्थापन गर्ने इकाई सम्झनु पर्छ।

## परिच्छेद २

## राष्ट्रिय आयोजना बैङ्क सम्बन्धी व्यवस्था

३. **राष्ट्रिय आयोजना बैङ्कको स्थापनाः** (१) आयोगमा राष्ट्रिय आयोजना बैंङ्क व्यवस्थापन सूचना प्रणालीसहितको एक राष्ट्रिय आयोजना बैङ्क रहनेछ।

(२) राष्ट्रिय आयोजना बैङ्कको सञ्चालन आयोगको प्रत्यक्ष रेखदेखमा सचिवालयले गर्नेछ।

४. **आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्नेः** (१) मन्त्रालय वा निकायले देहायका आयोजना राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ,-

(क) नेपाल सरकारको स्रोत, वैदेशिक ऋण वा अनुदान, आन्तरिक ऋणमा मन्त्रालय वा निकायबाट सञ्चालन हुने आयोजना,

(ख) नेपाल सरकारद्वारा सञ्चालन हुने सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजना,

(ग) प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सूचीकृत हुने आयोजना,

(२) आयोजना बैङ्कमा आयोजना प्रविष्टि गर्दा प्रचलित आयोजना वर्गीकरणको आधार तथा मापदण्ड बमोजिमको वर्गीकरण अनुसार तीन करोड भन्दा बढी लागत भएका वा विनियोजन भएका आयोजना मात्र आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ। यसरी आयोजना प्रविष्टि गर्दा चालु प्रकृतिका वा सालवसाली रुपमा कार्यान्वयन हुने आयोजना वा कार्यक्रम बाहेकका अन्य आयोजना मात्र राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

(३) उपदफा (१) बमोजिमका आयोजनाको कार्यान्वयन गर्ने निकायले सञ्चालनमा आएका आयोजनाको हकमा वित्तीय तथा भौतिक प्रगति विवरण त्रैमासिक रुपमा राष्ट्रिय आयोजना बैङ्कमा अद्यावधिक गर्नु पर्नेछ।

(४) राष्ट्रिय विकास समस्या समाधान समितिबाट आयोजनाका सम्बन्धमा कुनै निर्णय भएको भए सोको विवरण समेत सम्बन्धित मन्त्रालय वा निकायले राष्ट्रिय आयोजना बैङ्कमा अद्यावधिक गर्नु पर्नेछ।

(५) आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा आयोजना बैङ्कमा चालु आर्थिक बर्षको फागुन मसान्तभित्र आयोजना प्रविष्टि गरि सक्नु पर्नेछ।

तर आर्थिक बर्ष २०८२/८३ मा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा आयोजना बैङ्कमा २०८१ साल चैत मसान्तभित्र आयोजना प्रविष्टि गरि सक्नु पर्नेछ।

(६) आयोजना बैङ्कमा आयोजना प्रविष्टि गर्दा अनुसूची-१ बमोजिमको प्रकृया तथा चरण अनुसार गर्नु पर्नेछ।

५. **राष्ट्रिय आयोजना बैङ्कको सचिवालयः** (१) आयोजना बैङ्कको सञ्चालन र व्यवस्थापनका लागि आयोगमा एक सचिवालय रहनेछ। आयोगले तोकेको महाशाखाले सचिवालयको रुपमा कार्य गर्नेछ।

(२) कुनै आयोजनाको परीक्षण गर्न सचिवालयमा रहेका जनशक्तिबाट मात्र सम्भव नभएमा सचिवालयले आवश्यकता अनुसार निश्चित समयका लागि अन्य विषयक्षेत्रगत विज्ञहरुको परामर्श सेवा समेत लिन सक्नेछ।

(३) सचिवालयले सम्बन्धित मन्त्रालय वा निकायबाट हुने आयोजनाको पहिचान, वर्गीकरण, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरण प्रकृयामा सम्पर्क विन्दुका रुपमा कार्य गर्नेछ।

६. **प्रदेश र स्थानीय तहका आयोजना बैङ्कसँगको अन्तर आबद्धताः** (१) आयोजनाहरूको दोहोरोपना हुन नदिन र विनियोजन कुशलताको लागि आयोगले राष्ट्रिय आयोजना बैङ्क, प्रदेश आयोजना बैङ्क र स्थानीय आयोजना बैङ्कबीच प्रणालीगत अन्तरआबद्धता गर्नु पर्नेछ।

(२) राष्ट्रिय आयोजना बैङ्कसँग प्रदेश आयोजना बैङ्क र स्थानीय आयोजना बैङ्कको अन्तर आबद्धता तथा सञ्चालनका सम्बन्धमा आयोगले प्रदेश र स्थानीय तहलाई क्षमता विकास, आवश्यक सहयोग, समन्वय, सहजीकरण एवम् मार्गदर्शन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यमा सम्बन्धित प्रदेश योजना आयोग र स्थानीय तहले आवश्यक समन्वय र सहजीकरण गर्नु पर्नेछ।

७. **<u>अनलाइन प्रणाली अन्तर आबद्धता:</u>** (१) आयोगले राष्ट्रिय आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना, समपूरक र विशेष अनुदान प्रणालीबीच आवश्यक सूचना आदानप्रदान हुनेगरी अन्तरआबद्धता कायम गर्नेछ।

(२) आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा बजेट व्यवस्थापन सूचना प्रणाली, सार्वजनिक खरिद अनुगमन कार्यालयसँगको समन्वयमा विद्युतीय खरिद प्रणाली तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा एकीकृत (अनलाईन) अनुगमन प्रणालीसँग आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई अन्तरआबद्धता कायम गर्नेछ।

## <u>परिच्छेद ३</u>

## <u>आयोजनाको पहिचान, विकास र आयोजना बैङ्कमा प्रविष्टि</u>

८. **<u>पूर्व सम्भाव्यता र सम्भाव्यता अध्ययन गराउनु पर्ने:</u>** मन्त्रालय वा केन्द्रीय निकायले पूर्वाधारजन्य आयोजनाको हकमा आवश्यकता र औचित्यका आधारमा पूर्व सम्भाव्यता र सम्भाव्यता अध्ययन गराउनु पर्नेछ।

९. **<u>विस्तृत अध्ययन गराउनुपर्ने</u>** : पूर्वाधारजन्य आयोजनाको हकमा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि विस्तृत अध्ययन प्रतिवेदन भन्नाले आयोजनाको प्रकृति अनुसार विस्तृत इन्जिनियरिङ्ग डिजाइन वा विस्तृत आयोजना प्रतिवेदनलाई जनाउँछ।

१०. **<u>आयोजनाको आर्थिक, सामाजिक तथा वित्तीय विश्लेषण</u>** : आयोजना बैङ्कमा प्रविष्टि गर्दा लाभ लागत, लागत प्रभावकारिता, सामाजिक प्रभाव, विपद प्रतिरोधी क्षमता तथा जलवायु संवेदनशीलता, भौगर्भिक उपयुक्तता, आर्थिक, सामाजिक तथा वित्तीय पक्षमा अपेक्षित परिणाम तथा उपलब्धि र प्रभावजस्ता पक्षहरुको विश्लेषण गरी आयोजनाको विस्तृत विवरण प्रतिवेदनमा खुलाउनु पर्नेछ।

११. **<u>आयोजनाको वातावरणीय अध्ययन गराउनुपर्ने:</u>** आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि आयोजनाको वातावरणीय अध्ययन भन्नाले प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनलाई जनाउँछ।

१२. **जग्गा प्राप्तिः** आयोजना कार्यान्वयनको क्रममा जग्गा प्राप्ति गर्नुपर्ने भएमा देहाय बमोजिमको विवरण सहितको कार्ययोजना तयार गरी आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ।

(क) प्राप्ति गर्नुपर्ने जग्गाको क्षेत्रफल,

(ख) जग्गाको किसिम : सरकारी वा सार्वजनिक जग्गा, वन क्षेत्र (सरकारी, लिज, धार्मिक, संरक्षित वा सामुदायिक) तथा अन्य प्रकृतिको जग्गा,

(ग) जग्गा प्राप्तीका लागि लाग्ने अनुमानित लागत,

(घ) प्रभावित घरधुरी,

१३. **आयोजनाको वित्तीय प्रवन्धः** (१) आयोजना बैङ्कमा प्रविष्टि गर्दा नेपाल सरकारको योगदान, ऋण वा अनुदान र निजी साझेदारी लगानीको विवरण र स्रोत समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा आयोजनाको सम्पुर्ण अवधिको लगानीको प्रारम्भिक अनुमानित लागत र स्रोत विवरण समेत खुलाई प्रविष्टि गर्नुपर्नेछ।

१४. **आयोजना बैङ्कमा प्रविष्टि गर्दा पेस गर्नुपर्ने कागजातः** (१) पूर्वाधारजन्य आयोजना प्रविष्टि गर्दा देहायका कागजातहरु संलग्न भएको यकीन गरी सोको अनुसूची -२ बमोजिमको जाँच सूची (चेकलिष्ट) समेत प्रमाणित गरी समावेश गर्नु पर्नेछ।

(क) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन वा विस्तृत आयोजना प्रतिवेदन,

(ख) आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ग) आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना,

(घ) खरिद योजना,

(ङ) कार्यान्वयन कार्ययोजना,

(च) नतिजा खाका,

(छ) आयोजनाका सम्बन्धमा अन्य कुनै उल्लेखनीय विषय भएमा सो समेत उल्लेख गर्ने।

(२) गैर पूर्वाधारजन्य आयोजना प्रविष्टि गर्दा देहायका कागजातहरु संलग्न भएको यकीन गरी सोको अनुसूची -२ बमोजिमको जाँच सूची (चेकलिष्ट) समेत प्रमाणित गरी समावेश गर्नु पर्नेछ।

(क) आयोजनाको स्वीकृत परियोजना प्रस्ताव (प्रोजेक्ट प्रपोजल),

(ख) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन आवश्यक पर्ने भएमा सो को प्रतिवेदन,

(ग) जग्गा अधिग्रहण गर्नुपर्ने भएमा सोको कार्ययोजना,

(घ) खरिद योजना,

(ङ) कार्यान्वयन कार्ययोजना,

(च) नतिजा खाका,

(छ) आयोजनाका सम्बन्धमा अन्य कुनै उल्लेखनीय विषय भएमा सो समेत उल्लेख गर्ने।

१५. **नयाँ आयोजनाको पहिचान, अध्ययन र अनुसन्धानः** (१) मन्त्रालय वा केन्द्रीय निकायले पूर्व तयारी नभएका नयाँ आयोजनाको पहिचान, अध्ययन अनुसन्धान प्रयोजनका लागि आवश्यक पर्ने बजेट माग गर्न आयोजना बैङ्कमा प्रस्तावित आयोजनाको विवरण प्रविष्टि गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमका आयोजनालाई आयोजना बैङ्कमा छुट्टै खण्डमा समावेश गरी सूचिकृत गर्नु पर्नेछ।

१६. **क्रमागत आयोजनाको प्रविष्टिः** यो मापदण्ड लागू हुनुभन्दा अगावै सञ्चालनमा रहेका आयोजनाहरु आयोजना बैङ्कमा प्रविष्टि नभएको भए मन्त्रालय वा केन्द्रीय निकायले आयोजनाको विस्तृत विवरणसहित संवत् २०८१ सालको चैत मसान्त भित्र प्रविष्टि गर्नु पर्नेछ।

## परिच्छेद ४

## आयोजनाको परीक्षण, वर्गीकरण, छनौट तथा प्राथमिकीकरण

१७. **आयोजना प्रस्तावको परीक्षण**ः (१) आयोजना बैङ्कमा प्रविष्टिका लागि पेश भएका नयाँ तथा क्रमागत आयोजनाहरुको प्रस्तावको सामान्य परीक्षण सचिवालयले जाँच सूची (चेकलिष्ट) को आधारमा गर्नेछ।

(२) आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनाको परीक्षण आयोगले गर्नु पर्नेछ।

(३) आयोजना बैङ्कमा प्रविष्टिका लागि पेश भएका एक अर्ब भन्दा बढी लागतका आयोजनाको स्वीकृतिका लागि सचिवालयले आयोगमा पेश गर्ने प्रयोजनका लागि दफा १९ बमोजिमको सिफारिस समिति समक्ष पेस गर्नु पर्नेछ।

(४) आयोजना बैङ्कमा प्रविष्टिका लागि पेश भएका एक अर्ब भन्दा कम लागतका आयोजनाको स्वीकृतिका लागि सचिवालयले आयोजना बैंक हेर्ने आयोगका सम्बन्धित सदस्य समक्ष पेस गर्नु पर्नेछ।

(५) दफा (३) र (४) बमोजिम सिफारिस वा पेश भएका आयोजना आयोग तथा आयोगका सम्बन्धित सदस्यबाट स्वीकृत वा निर्णय भए पश्चात सचिवालयले विद्युतीय प्रणालीबाट प्रमाणित गर्नु पर्नेछ। यसरी प्रमाणित भएपछि मात्र आयोजना बैङ्कमा आयोजना प्रविष्टि भएको मानिनेछ।

(७) सचिवालयले आयोजना बैङ्कमा प्रस्ताव गरिएका आयोजनाको सामान्य परीक्षणको आधारमा आयोजना प्रस्तावलाई परिमार्जन सहित पुनः प्रविष्टि गर्ने गरी सम्बन्धित मन्त्रालय वा निकायमा फिर्ता पठाउन सक्नेछ।

१८. **आयोजनाको वर्गीकरणः** (१) प्रचलित आयोजना वर्गीकरणको आधार तथा मापदण्ड बमोजिम आयोजनाहरूलाई संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्र अनुरूप सम्बन्धित मन्त्रालय वा निकायले राष्ट्रिय प्राथमिकता प्राप्त, रुपान्तरणकारी, राष्ट्रिय गौरव तथा साना, मझौला वा ठुला आयोजनाको रुपमा वर्गीकरण गरी आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ।

१९. **सिफारिस समितिको गठनः** (१) आयोजना बैङ्कमा प्रविष्टि भएका एक अर्ब रुपैया भन्दा बढी लागतका नयाँ आयोजना प्रस्तावको परीक्षण गरी छनौटका लागि आयोग समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः

(क) सम्बन्धित विषय क्षेत्र हेर्ने आयोगको सदस्य - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) - सदस्य

(ग) सहसचिव, सम्बन्धित विषयगत मन्त्रालय (योजना महाशाखा) - सदस्य

(घ) संयोजकले तोकेको सम्बन्धित विषय क्षेत्रको एक जना विज्ञ - सदस्य

(ङ) आयोगको सहसचिव (राष्ट्रिय आयोजना बैङ्क हेर्ने) - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रगत मन्त्रालय वा निकायको सम्बन्धित अधिकृत वा सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

२०. **मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्नेः** (१) मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनालाई पहिलो प्राथमिकताक्रम ($P_1$) वा दोस्रो प्राथमिकताक्रम ($P_2$) निर्धारण गरी मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्नेछ।

(२) मध्यमकालीन खर्च संरचना तयार गर्दा प्रस्तावित नयाँ तथा क्रमागत दुबै आयोजनाको विवरण समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तयार पारिएको मध्यमकालीन खर्च संरचना सम्बन्धित मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमार्फत् आयोग समक्ष पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा आयोगले छलफल गरी सोको प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम आयोगबाट प्राप्त प्रतिवेदनका आधारमा आयोगको प्रतिनिधिसहित विषयगत मन्त्रालयसँग वार्षिक बजेट तथा कार्यक्रमका सम्बन्धमा विस्तृत छलफल गरी वार्षिक रुपमा आयोजनामा हुने बजेट विनियोजनलाई अर्थ मन्त्रालयले अन्तिम रुप दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम वार्षिक बजेट तथा कार्यक्रम माथिको विस्तृत छलफल सम्पन्न भए पश्चात अर्थ मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गरी आयोजनाको विवरणलाई अन्तिम रुप दिनु पर्नेछ।

(७) मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको सैद्धान्तिक, नीतिगत एवं कार्यक्रमगत छलफल गरी आयोजना छनौटको सम्बन्धमा आयोगले सम्बन्धित मन्त्रालय वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२१. **आयोजनाको छनौट तथा बजेट प्रस्ताव:** (१) मन्त्रालय वा निकायले आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनाको सूची मध्येबाट स्रोत उपलब्धताको आधारमा आयोजनाको छनौट र बजेट प्रस्ताव गर्नु पर्नेछ।

(२) मन्त्रालय वा निकायले स्रोत सीमा र बजेट तर्जुमा मार्गदर्शनका आधारमा मध्यमकालीन खर्च संरचनामा प्राथमिकीकरणसहित समावेश गरिएका नयाँ र क्रमागत आयोजनाको आगामी तीन आर्थिक वर्षका लागि प्रत्येक क्रियाकलापको वस्तुगत एवम् यथार्थपरक लागत अनुमानका आधारमा वार्षिक बजेट प्रस्ताव गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वार्षिक बजेट प्रस्ताव गर्दा मध्यमकालिन खर्च संरचनामा पहिलो प्राथमिकताक्रममा परेका आयोजनाका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता (इयरमार्क) गरी प्रस्ताव गर्नु पर्नेछ।

२२. **समस्याग्रस्त आयोजनाको पुनः मूल्याङ्कन गर्नुपर्ने:** (१) यो मापदण्ड जारी हुनु पूर्व कार्यान्वयनमा आई समयमै सम्पन्न हुन नसकी तोकिएको समय र लागतमा उच्च अन्तर भएका समस्याग्रस्त आयोजनाको सूची तयार गरी सम्बन्धित मन्त्रालय वा निकायले पुनः मूल्याङ्कन गर्नुपर्नेछ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम पुनःमूल्याङ्कनबाट कार्यान्वयनमा निरन्तरता दिन उपयुक्त देखिएका आयोजना राष्ट्रिय आयोजना बैङ्कमा पुनः प्रविष्टि गरी नयाँ आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्नेछ। यसरी बजेट तथा कार्यक्रममा समावेश गर्दा यस्ता प्रकृतिका आयोजनाहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ।

(३) पुनःमूल्याङ्कनबाट कार्यान्वयनमा निरन्तरता दिन उपयुक्त नदेखिएका आयोजना सम्बन्धित मन्त्रालय वा निकायले आवश्यक प्रक्रिया पुरा गरी खारेज गर्नु पर्नेछ।

## परिच्छेद ५

## विविध

२३. **निर्देशक समितिको गठनः** (१) राष्ट्रिय आयोजना बैङ्कको प्रभावकारी सञ्चालनका लागि आवश्यक मार्गदर्शन, समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सबै) -सदस्य

(ग) सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने) -सदस्य

(च) सचिव, आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय -सदस्य

(छ) सहसचिव (आयोजना बैङ्क हेर्ने), राष्ट्रिय योजना आयोग -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयगत मन्त्रालयका सचिव तथा निकायका प्रमुखहरुलाई आमन्त्रण गर्न सकिने छ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) राष्ट्रिय आयोजना बैङ्क, प्रदेश आयोजना बैङ्क र स्थानीय आयोजना बैङ्कहरूबीच समन्वय, सामञ्जस्य तथा प्रणालीगत एकरूपता तथा अन्तरआवद्धता सम्बन्धी मार्गदर्शन सिफारिस गर्ने,

(ख) राष्ट्रिय आयोजना बैङ्क सञ्चालनमा आएका नीतिगत तथा प्रकृयागत समस्याका विषय समाधान गर्ने,

(ग) आयोजना बैङ्कको प्रभावकारी सञ्चालन र व्यवस्थापनका विषयमा अन्तरतहगत र मन्त्रालय वा निकायसँग समन्वय र सहजीकरण गर्ने,

(घ) आवश्यकता अनुसार अन्य कार्य गर्ने गराउने।

(४) निर्देशक समितिले आवश्यकता अनुसार विषयक्षेत्रगत उपसमितिहरु गठन गर्न सक्नेछ।

(५) निर्देशक समितिको अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **मन्त्रालयस्तरीय आयोजना व्यवस्थापनः** आयोजना बैङ्कको प्रभावकारी कार्य सञ्चालन र व्यवस्थापन गर्न मन्त्रालय वा केन्द्रीय निकायको सम्बन्धित योजना हेर्ने महाशाखाले सम्पर्क बिन्दुको रुपमा काम गर्नेछ।

२५. **विशेष परिस्थितिका आयोजनाः** (१) मन्त्रालय वा केन्द्रीय निकायले देहाय बमोजिमका विशेष परिस्थितिका आयोजना यस मापदण्डले तोकेको प्रकृया पुरा नगरी सोझै कार्यान्वयन गर्न सक्नेछन्ः

(क) विपद्को अवस्थामा गरिने खोज, उद्धार, राहत तथा पुनःस्थापना र तत्काल गर्नुपर्ने पुनःनिर्माण सम्बन्धी आयोजना,

(ख) महामारी नियन्त्रणका लागि तत्काल सम्बोधन गर्नुपर्ने आयोजना,

(ग) संकटकालीन अवस्थाको सम्बोधन गर्नुपर्ने आयोजना,

(घ) राष्ट्रिय सुरक्षा र सामरिक महत्वका दृष्टिले तत्काल कदम चाल्नुपर्ने विषयसँग सम्बन्धित आयोजना,

(ङ) वैदेशिक सहायताबाट सञ्चालन हुने विशेष प्रकृतिका आयोजना, र

(च) नेपाल सरकार मन्त्रिपरिषद्ले विशेष परिस्थितिमा निर्णय गरी तोकेका अन्य आयोजनाहरू।

(२) उपदफा (१) बमोजिम सोझै कार्यान्वयन गरिएका आयोजनाहरुको विवरण अभिलेखका लागि आयोजना बैङ्कमा प्रविष्टि गरी सार्वजनिक गर्नु पर्नेछ।

२६. **आयोजना निष्क्रिय हुनेः** (१) आयोजना बैंकमा प्रविष्टि भएका आयोजना पाँच वर्षसम्म पनि कार्यान्वयन हुन नसकेमा त्यस्ता आयोजना स्वतः निष्क्रिय हुनेछन्। यस किसिमका आयोजना आयोगले आयोजना बैकको सूचीबाट हटाउनेछ।

(२) उपदफा (१) बमोजिमका आयोजना पुनःसञ्चालन गर्नुपर्ने मनासिब कारण भएमा मन्त्रालय वा निकायले यस मापदण्डले तोकेको अधिनमा रहि आयोजना बैङ्कमा पुनः प्रविष्टि गर्नु पर्नेछ।

२७. **प्रदेश र स्थानीय तहका आयोजना:** प्रदेश र स्थानीय तहले प्रचलित कानून बमोजिम प्रविष्टि गर्नुपर्ने आयोजना तथा राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना तोक्ने प्रयोजनार्थ राष्ट्रिय आयोजना बैंङ्कमा सूचीकृत हुन प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा कार्यपालिकाको निर्णय सहित प्रविष्टि गर्नु पर्नेछ।

२८. **खारेजी र बचाऊ**: (१) आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ र " National Project Bank Guidelines for Identification, Appraisal, Selection, and Prioritization of Projects, 2020" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्डहरुका आधारमा भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

# अनुसूची १

## (दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

## आयोजना बैङ्कमा आयोजना प्रविष्ट गर्दा अपनाउनु पर्ने प्रकृया तथा चरण (Flow chart)

(क) मन्त्रालय वा केन्द्रीय निकायले https://npbmis.npc.gov.np मा गई log in गर्नुपर्नेछ।

(ख) मन्त्रालय वा केन्द्रीय निकायले आयोगले उपलब्ध गराएको Username र Password को प्रयोग गरी log in गर्नुपर्नेछ भने मन्त्रालय अन्तर्गतका निकायहरुले सम्बन्धित मन्त्रालयले उपलब्ध गराएको Username र Password को प्रयोग गरी log in गर्नु पर्नेछ।

(ग) आयोगले मन्त्रालय वा केन्द्रीय निकायलाई Ministry Admin को Username र Password उपलब्ध गराउनेछ ।

(घ) आयोजना कार्यान्वयन गर्ने निकाय, कार्यालय वा इकाईले Data entry को कार्य गर्नु पर्नेछ।

(ङ) मन्त्रालयबाटै सञ्चालन हुने आयोजनाको हकमा मन्त्रालयको योजना हेर्ने महाशाखा प्रमुख, विभाग वा विभागस्तरको निकाय वा मातहतको कार्यालयबाट सञ्चालन हुने आयोजनाको हकमा विभागीय प्रमुख तथा विभाग नभएको कार्यालयको हकमा कार्यालय प्रमुखले Verifier को काम गर्नु पर्नेछ।

(च) मन्त्रालय वा केन्द्रीय निकायको सचिवले Approver वा submit सम्बन्धी कार्य गर्नु पर्नेछ।

(छ) प्रदेश तथा स्थानीय तहका आयोजना राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्ने भएमा प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्थानीय तहको हकमा सम्बन्धित तहको अनुरोधमा आयोगले Admin को खाता उपलब्ध गराउनेछ।

(ज) प्रदेशको हकमा Approver वा submit गर्ने कार्य प्रमुख सचिवबाट र आयोजना कार्यान्वयन गर्ने निकायबाट Data entry को कार्य गर्नु पर्नेछ ।

(झ) स्थानीय तहको हकमा प्रमुख प्रशासकीय अधिकृतले Approver र योजना शाखा वा महाशाखा प्रमुखले Verifier को कार्य गर्नुपर्नेछ।

(ञ) प्रदेश र स्थानीय तहले समेत आयोजना बैङ्कमा आयोजना प्रविष्ट गर्दा यही मापदण्ड बमोजिम उल्लिखित चरण तथा प्रकृयाको पालना गर्नु पर्नेछ।

(ट) आयोजनाको सुरुवाती प्रविष्टि Data Entry को खाताबाट गर्नु पर्नेछ र उक्त खाताबाट आयोजनाको विस्तृत विवरण प्रविष्ट गरे पश्चात आयोजना कार्यान्वयन गर्ने निकाय वा एकाईले Verifier खातामा रुजु गर्नको लागि पेस (Send to verification) गर्नु पर्नेछ। Verifier प्रयोगकर्ताले सुरुवाती प्रविष्टकर्ताले प्रविष्ट गरेको विवरण रुजु गरी Approver

खातामा स्वीकृति गर्नको लागि प्रणालीकै माध्यमबाट पेस (Send to submission) गर्नु पर्नेछ। Approver खाताबाट यो मापदण्ड तथा प्रचलित कानून बमोजिम आयोजना स्वीकृति तथा विवरण दुरुस्त भएको यकीन गरी आयोजना बैंकमा प्रविष्टिका लागि आयोगमा पेस (Submit) गर्नु पर्नेछ।

(ठ) Verifier र Approver ले विवरण रुजु गर्दा कुनै कागजात नपुगेको भएमा वा अन्य कुनै कैफियत देखिएमा Verifier ले Data Entry र Approver ले Verifier वा Data Entry लाई Return गर्न सक्नेछ।

(ड) उल्लिखित प्रकृयाको पुरा गरी आयोजना बैंकमा आयोजना प्रविष्ट गर्दा यस मापदण्डले तोकेको सबै मापदण्ड पुरा गरी प्रविष्टि गर्नु पर्नेछ।

(ढ) आयोजनासँग सम्बद्ध कागजात प्रविष्ट गर्दा सम्बन्धित निकायबाट स्वीकृत भएको कागजात मात्र प्रविष्ट गर्नु पर्नेछ।

(ण) परीक्षणको क्रममा कुनै विवरण नपुग भएमा वा कुनै विवरण त्रुटीपुर्ण देखिएमा आयोगले सम्बन्धित मन्त्रालय वा निकायमा फिर्ता गर्नेछ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

## अनुसूची -२

### (दफा १४ को उपदफा (१) र (२) सँग सम्बन्धित)

### आयोजना सम्बन्धी विवरणको जाँच सूची (चेकलिष्ट)

**मन्त्रालय/निकायः**

**आयोजना/कार्यक्रमको नामः**

**आयोजना आइडीः**

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BEA) वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) | | | |
| २. | आयोजनाको कुल लागत तथा स्रोत स्पष्ट खुलेको (Estimating Cost of a Project) | | | |
| ३. | आयोजनाको विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा विस्तृत आयोजना प्रतिवेदन (DPR) वा आयोजनाको प्रस्ताव (Project Proposal) को स्वीकृत प्रतिवेदन | | | |
| ४. | जग्गा प्राप्ती वा अधिग्रहण गर्नु पर्ने भए सोको कार्ययोजना (Land Acquisition Plan) | | | |
| ५. | आयोजनाको खरिद योजना (Procurement Plan) | | | |
| ६. | आयोजनाको कार्यान्वयन कार्ययोजना (Implementation Work Plan) | | | |
| ७. | नतिजा खाका (Result Framework) | | | |
| ८. | अनुगमन तथा मूल्यांकन योजना (Monitoring & Evaluation Plan) | | | |

क्र.सं. १ र ३ को विवरण पेस गर्दा स्वीकृत गर्ने निकाय, संस्था र मिति देहायको ढाँचामा खुलाउनु पर्नेछ।

| प्रतिवेदनको नाम | स्वीकृत गर्ने निकाय | स्वीकृत कर्ताको पद | स्वीकृत मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| तयार गर्ने : | रुजु गर्ने: | प्रमाणित गर्ने : |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

अनुसूची ३

(आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १८ सँग सम्बन्धित)

## ठुला आयोजनाको परिक्षण एवम् छनौट सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सम्बन्धी थप व्यवस्था

आयोगबाट स्वीकृत मितिः २०८२।२।२५

सम्बन्धित मन्त्रालयले आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १८ बमोजिमका ठुला पूर्वाधार आयोजनाहरु राष्ट्रिय आयोजना बैंक प्रणालीमा प्रविष्टि गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

१. **ठुला आयोजना प्रविष्टि गर्दा पेश गर्नुपर्ने कागजातः** (१) सम्बन्धित मन्त्रालय वा निकायले ठुला पूर्वाधार आयोजना प्रविष्टि गर्दा देहायका कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ।

क) आयोजनाको पूर्व सम्भाव्यता अध्ययन वा सम्भाव्यता अध्ययन प्रतिवेदन

ख) पूर्वाधार आयोजनाको हकमा विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत ईन्जिनियरिङ्ग डिजाईन वा गैर पूर्वाधार आयोजनाको हकमा स्वीकृत परियोजना प्रस्ताव (प्रतिवेदनमा आयोजनाको सर्वे, ईन्जिनियरिङ्ग डिजाईन, प्राविधिक पुनरावलोकन र विश्लेषण, बजेटरी प्रभाव, संस्थागत र व्यवस्थापकीय प्रबन्ध तथा दिगोपना समेत खुलाउनु पर्नेछ)

ग) प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन

घ) आयोजना कार्यान्वयन कार्ययोजना

ङ) आयोजनाको बार्षिक खरिद योजना

च) आयोजनाको लागि जग्गा अधिग्रहण वा वस्ती स्थानान्तरण गर्नुपर्ने भए सोको स्वीकृत कार्ययोजना

(२) सम्बन्धित मन्त्रालय वा निकायले प्रकरण (१) बमोजिमका कागजातहरु मापदण्डको अनुसूची-२ बमोजिमको फाराम अनुसार मन्त्रालय सचिवस्तरबाट प्रमाणित गरी राष्ट्रिय आयोजना बैंकको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

२. **ठुला आयोजनाको पहिचानः** सम्बन्धित मन्त्रालय वा निकायले ठुला आयोजनाहरुको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय पक्ष विश्लेषण गरी पहिचान समेत गर्नु पर्नेछ।

३. **आयोजना प्रस्तावको परिक्षण**: (१) आयोजना बैंकमा प्रविष्टिका लागि सम्बन्धित मन्त्रालय वा निकायबाट पेश भएका ठुला आयोजनाको प्रस्तावको परीक्षण सिफारिश समितिले माथी प्रकरण (१) र मापदण्डको अनुसूची-२ बमोजिमको चेकलिष्टको आधारमा गर्नेछ।